चन्द्रकोट गाउँपालिका
कार्यपालिका बैठकमिति :२०८३/०३/०९
बैठक संख्या : चौधौं (२०८२/०८३)

आजमिति २०८३ साल असार ०९ गते मंगलबारका दिन चन्द्रकोट गाउँपालिकाका अध्यक्ष श्री युवराज खत्री क्षत्रीज्यूको अध्यक्षतामा गाउँकार्यपालिका सदस्यहरुको उपस्थितिमा गाउँकार्यपालिकाको बैठक बसी तपसिल बमोजिमका प्रस्ताबहरुमा छलफल गरी देहाय बमोजिमका निर्णयहरु गरीयो।

**उपस्थिति**

| सि.नं. | पदाधिकारीकोनामथर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १. | श्री युवराज खत्री क्षत्री | अध्यक्ष | |
| २. | श्री विष्णु प्रसाद भण्डारी | उपाध्यक्ष | |
| ३. | श्री घनश्याम खरेल | १ नं. वडा,वडा अध्यक्ष/ प्रवक्ता | |
| ४. | श्री कमल के.सी. | २ नं. वडा,वडा अध्यक्ष | |
| ५. | श्री डिल्लीराज सुवेदी | ३ नं. वडा,वडा अध्यक्ष | |
| ६. | श्री बल बहादुर बस्नेत | ४ नं. वडा,वडा अध्यक्ष | |
| ७. | श्री पृथ बहादुर कार्की | ५ नं. वडा,वडा अध्यक्ष | |
| ८. | श्री अमरसिंह दगामी | ६ नं. वडा,वडा अध्यक्ष | |
| ९. | श्री अनन्तराम भण्डारी | ७ नं. वडा,वडा अध्यक्ष | |
| १०. | श्री फणिन्द्र राज अर्याल | ८ नं. वडा,वडा अध्यक्ष | |
| ११. | श्री डिलमाया बुढाथोकी | कार्यपालिका सदस्य | |
| १२. | श्री विष्णुकला थापा | कार्यपालिका सदस्य | |
| १३. | श्री लक्ष्मिमा अर्याल | कार्यपालिका सदस्य | |
| १४. | श्री विष्णुमाया सापकोटा | कार्यपालिका सदस्य | |
| १५. | श्री धन बहादुर वि.क. | कार्यपालिका सदस्य | |
| १६. | श्री सूर्य कुमार बस्याल | कार्यपालिका सदस्य | |
| १७. | श्री लक्ष्मणप्रसाद चालिसे | सचिव/ प्रमुख प्रशासकीय अधिकृत | |
| | | आमन्त्रित | |
| १८. | श्री शिवप्रसाद ज्ञवाली | प्रशासन शाखा प्रमुख | |
| १९. | श्री विशाल रिजाल | लेखा अधिकृत | |
| २० | श्री शुक्रराज पौडेल | सि. लेखा अधिकृत | |

श्री प्रकाश शर्मा — स्वास्थ्य अधिकृत
श्री प्रताप सिंह कुँवर — शिक्षा अधिकृत
श्री प्रकाश पन्थी — योजना अधिकृत
श्री शिव बस्नेत — इन्जिनियर

चन्द्रकोट गाउँपालिका
कार्यपालिका बैठकमिति :२०८३/०३/०९
बैठक संख्या : चौधौं (२०८२/०८३)

<u>प्रस्तावहरु</u>

१. समिक्षा सम्बन्धमा।

२. आगामी आर्थिक बर्षका लागि आवश्यक आर्थिक विधेयक २०८३ सम्बन्धमा।

३. आगामी आर्थिक बर्षका लागि आवश्यक विनियोजन विधेयक सम्बन्धमा।

४. विषयगत समितिको प्रतिवेदन उपर छलफल सम्बन्धमा।

५. विविध।

क. स्वास्थ्यकर्मी रात्रीकालिन सेवा प्रोत्साहन भत्ता सम्बन्धि कार्यविधि सम्बन्धमा।

ख. चन्द्रकोट गाउँपालिकामा कार्यरत कर्मचारी प्रोत्साहन कार्यविधि सम्बन्धमा।

ग. निर्णय कार्यान्वयन सम्बन्धमा।

घ. संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने सम्बन्धमा।

ङ. अनुमति माग गर्ने सम्बन्धमा।

च. आ.व. २०८१/०८२ को अन्तिम लेखापरिक्षण प्रतिवेदन सम्बन्धमा।

छ. विद्यावारिधि (Ph.D.) अध्ययन छात्रबृत्ति प्रदान गर्ने सम्बन्धि कार्यविधि सम्बन्धमा।

<u>निर्णयहरु</u>

१. प्रस्ताव नं. १ उपर छलफल गर्दा यस गाउँ कार्यपालिकाको तेह्रौं बैठक देखि हाल सम्म भएका सम्पूर्ण क्रियाकलापहरुको सम्बन्धमा समिक्षा गरीयो।

२. माथिको प्रस्ताव नं. २ उपर छलफल गर्दा चन्द्रकोट गाउँपालिका गुल्मीको आगामी आर्थिक बर्ष २०८३/०८४ का लागि आवश्यक आर्थिक विधेयक २०८३ लाई स्वीकृत गरी गाउँसभाको १९ औं अधिवेशनको दोश्रो बैठकमा स्थानीय राजश्व परामर्श समिति संयोजक तथा गाउँपालिका उपाध्यक्ष विष्णु प्रसाद भण्डारी मार्फत सभा समक्ष पेश गर्नेगरी अनुमति प्रदान गरियो।

३. माथिको प्रस्ताव नं. ३ उपर छलफल गर्दा चन्द्रकोट गाउँपालिका गुल्मीको आगामी आर्थिक बर्ष २०८३/०८४ का लागि आवश्यक विनियोजन विधेयक २०८३ लाई स्वीकृत गरी गाउँसभाको १९ औं अधिवेशनको दोश्रो बैठकमा बजेट तथा कार्यक्रम तर्जुमा समिति संयोजक तथा गाउँपालिका उपाध्यक्ष विष्णु प्रसाद भण्डारी मार्फत सभा समक्ष पेश गर्नेगरी अनुमति प्रदान गरियो।

४. माथिको प्रस्ताव नं. ४ उपर छलफल गर्दा चन्द्रकोट गाउँपालिका गुल्मीमा रहेका देहायका विषयगत समितिहरुका प्रतिवेदनहरु प्राप्त भएकोमा प्रतिवेदन उपर छलफल गरी स्वीकृत गर्ने।

देहाय

विधायन समितिको बार्षिक प्रतिवेदन- आ.व. २०८२/०८३
लेखा समितिको बार्षिक प्रतिवेदन- आ.व. २०८२/०८३
सुशासन समितिको बार्षिक प्रतिवेदन- आ.व. २०८२/०८३
सामाजिक विकास समितिको बार्षिक प्रतिवेदन आ.व. २०८२/०८३
पूर्वाधार विकास समितिको बार्षिक प्रतिवेदन आ.व. २०८२/०८३

चन्द्रकोट गाउँपालिका
कार्यपालिका बैठकमिति :२०८३/०३/०९
बैठक संख्या : चौधौं (२०८२/०८३)

बन, वातावरण तथा विपद् व्यवस्थापन समितिको बार्षिक प्रतिवेदन- आ.व. २०८२/०८३
स्थानीय राजश्व परामर्श समितिको बार्षिक प्रतिवेदन- आ.व. २०८२/०८३

५. माथिको प्रस्ताव नं. ५ विविध उपर छलफल गर्दा देहाय बमोजिम गर्ने।

क) चन्द्रकोट गाउँपालिका अन्तर्गत रहेको चन्द्रकोट आधारभुत अस्पतालमा कार्यरत स्वास्थ्यकर्मी/कर्मचारीहरुले रात्रीकालिन समयमा सेवा प्रवाह गरे वापत पाउने प्रोत्साहन रकमलाई व्यवस्थापन गर्न आवश्यक " स्वास्थ्यकर्मी रात्रिकालिन सेवा प्रोत्साहन भत्ता सम्बन्धी कार्यविधि २०८३" स्वीकृत गर्ने।

ख) चन्द्रकोट गाउँपालिकामा कार्यरत कर्मचारीहरुले अतिरिक्त समयमा गरेको काम, कार्यबोझ लगायतका आधारमा उनीहरुलाई प्रदान गरिने प्रोत्साहनका रकम व्यवस्थित गर्न आवश्यक " चन्द्रकोट गाउँपालिकामा कार्यरत कर्मचारी प्रोत्साहन कार्यविधि २०८३" स्वीकृत गर्ने।

ग) चन्द्रकोट गाउँपालिकाको गाउँ कार्यपालिकाको १० औं बैठकको निर्णय नं. ८ ज बमोजिम आर्थिक बर्ष २०८३/०८४ मा कार्यान्वयन हुनेगरी संघीय एवम् प्रदेश समपुरक तथा विशेष योजनाहरु नपरेका देहायका वडाहरुमा तपशिल अनुसारका १०/१० लाखका योजनाहरु पालिका स्तरीय योजनाको रुपमा आगामी आर्थिक बर्ष २०८३/०८४ मा कार्यान्वयन हुनेगरी छनौट गर्ने।

तपशिल

- शान्तिपुर रेमी टिमुरे सडक उपल्लो रेमी खण्ड ढलान योजना रु १० लाख- वडा नं. ४
- खालीडाँडा-हिले-झारखर्क मोटरबाटो स्तरोन्नती योजना रु १० लाख- वडा नं. ३
- महेन्द्र आ.वि. हरेवा २ कोठे भवन निर्माण योजना रु १० लाख- वडा नं. ६
- पिपलपाटा-किसिकोट-भञ्ज्याङ्ग मोटरबाटो ढलान योजना रु १० लाख- वडा नं. ८

घ) चन्द्रकोट गाउँपालिका गुल्मी स्थित बडिगाड नदीको घाटबाट दीगो र वातावरणमैत्री रुपमा ढुङ्गा, गिट्टी, बालुवा उत्खनन् तथा संकलन कार्यका लागि चन्द्रकोट गाउँपालिकाले सेवा परामर्श विधिबाट संझौता गरी एलाईन्स फर इन्भारोन्मेन्टले तयार गरेको ७८ पृष्ठको संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने।

ङ) चन्द्रकोट गाउँपालिका गुल्मीको स्वास्थ्य सेवालाई प्रभावकारी बनाउन र भौगोलिक विकटताका आधारमा टाढा हुने स्थानहरुमा नागरिकको स्वास्थ्य सेवालाई पहुँच योग्य बनाउन यस गाउँपालिकाबाट संचालन भैरहेका तपशिल बमोजिमका अस्थायी सामुदायिक स्वास्थ्य इकाइहरुको स्वीकृतिका लागि सम्बन्धित निकायमा माग गर्ने।

देहाय

- ओलिवाङ्ग अस्थायी सामुदायिक स्वास्थ्य इकाइ चन्द्रकोट-२ विशुखर्क ओलिवाङ्ग
- भञ्ज्याङ्ग अस्थायी सामुदायिक स्वास्थ्य इकाइ चन्द्रकोट-२ विशुखर्क भञ्ज्याङ्ग
- हर्राचौर अस्थायी सामुदायिक स्वास्थ्य इकाइ चन्द्रकोट-३ हर्राचौर
- मगरगाउँ अस्थायी सामुदायिक स्वास्थ्य इकाइ चन्द्रकोट-५ ग्वाधा मगरगाउँ
- खादीकोट अस्थायी सामुदायिक स्वास्थ्य इकाइ चन्द्रकोट-६ हरेवा खादिकोट
- सोता अस्थायी सामुदायिक स्वास्थ्य इकाइ चन्द्रकोट-७ रुपाकोट सोता

चन्द्रकोट गाउँपालिका
कार्यपालिका बैठकमिति :२०८३/०३/०९
बैठक संख्या : चौधौं (२०८२/०८३)

च) महालेखा परिक्षकको कार्यालयबाट यस चन्द्रकोट गाउँपालिका गुल्मीको आर्थिक बर्ष २०८१/०८२ को अन्तिम लेखापरिक्षण प्रतिवेदन प्राप्त भएकोमा प्रतिवेदनमा उल्लेख भएका विभिन्न कैफियतहरुका सम्बन्धमा छलफल गर्दा अनियमित हुने प्रकृतिका वेरुजुका हकमा सार्वजनिक लेखा समिति मार्फत गाउँसभामा पेश गरि नियमित गर्ने, असुल उपर, प्रमाणपेश गर्ने तथा अन्य बेरुजुको हकमा प्रमुख प्रशासकीय अधिकृत मार्फत फर्स्यौटका लागि प्रमाण तयार गरि सम्परिक्षणका लागि अनुरोध गर्ने।

छ) चन्द्रकोट गाउँपालिका क्षेत्रभित्रका जेहेन्दार, जेष्ठ, विपन्न एवं उच्च शैक्षिक दक्षता भएका नागरिकहरूलाई उच्च शिक्षा तथा अनुसन्धानमा प्रोत्साहन गर्ने, गाउँपालिकाका लागि आवश्यक पर्ने उच्च तहको प्राज्ञिक जनशक्ति उत्पादन गर्ने, स्थानीय रैथाने ज्ञान, सीप, संस्कृति, भूगोल र विकासका सम्भावनाहरूलाई प्राज्ञिक अनुसन्धानसँग जोड्ने र संघीयताको मर्म अनुरुप स्थानीय तहबाटै बौद्धिक वर्गको विकास र सम्मान गर्ने उद्देश्यका साथ आवश्यक काम गर्नका लागि "विद्यावारिधि (Ph.D.) अध्ययन छात्रबृत्ति प्रदान गर्ने सम्बन्धि कार्यविधि २०८३" तयार भएकोमा उक्त कार्यविधि स्वीकृत गर्ने।

*उल्लेखित निर्णयहरुसँगै अध्यक्षज्यूबाट गाउँ कार्यपालिकाको चौधौं बैठकमा उपस्थित सम्पूर्ण कार्यपालिका सदस्यहरु तथा कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्दै बैठक सम्पन्न भयो।*